प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं:-१
विराटनगर, नेपाल

# प्रेश विज्ञप्ति

प्रदेश नं. को सहरी क्षेत्र विराटनगर इटहरी क्षेत्रमा निर्माणाधिन सडक खण्डमा बढ्दो धुलो प्रदुषणबाट यात्रु तथा स्थानिय बासिन्दाहरु प्रताहित भइरहेको सन्दर्भमा धुलो न्यूनिकरणका लागि सामाजिक विकास मन्त्रालयले लिब्रा टेक्नोलोजी सँग विधिवत सम्झौता गरी परीक्षणका रुपमा कार्य प्रारम्भ गर्ने भएको छ । साथै विराटनगर इटहरी-तरहरा औद्योगिक क्षेत्रमा भएको पानी प्रदुषणलाई निर्मलीकरण गर्नका लागि समेत उक्त संस्था सँग सम्झौता भई कार्यपारम्भ हुने भएको छ । यसबाट धुलो र असुद्ध पानीका कारण प्रभावित आम जनसमुदायलाई राहतको अनुभव गर्ने मन्त्रालयले विश्वास गरेको छ । उक्त कार्यक्रमको सन्दर्भमा मिति २०७५ पुष २६ गते सामाजिक विकास मन्त्रालय र लिब्रा टेक्नोलोजी विचमा सम्झौता भएको छ। सहमतिमा बुँदाहरु निम्नानुसार छन् ।

१. लिब्रा टेक्नोलोजी नेटवर्क लि. ले माग गरे अनुरुप धुलो नियन्त्रण गर्ने प्रबिधि प्रयोग गर्न पचास कि.मि. सडक प्रदेश सरकारले तोकिदिनु पर्ने छ ।

२. लिब्रा टेक्नोलोजी नेटवर्क लि. ले २ महिना भित्र धुलो नियन्त्रणका प्रबिधिको परीक्षण प्रयोग ५० कि.मि सडकमा गरिसक्नु पर्नेछ।

३. औद्योगिक तथा अन्य क्षेत्रको दुषित पानी सुद्धिकरण गर्न १ नं. प्रदेशको तरहराबाट विराटनगर सम्म लिब्रा टेक्नोलोजी नेटवर्क लि.ले piloting गर्ने छ।

४. पानी सुद्धिकरण गर्ने अभियानमा लिब्रा टेक्नोलोजी नेटवर्क लि.ले नेपालका प्रबिधिकलाई पनि प्रबिधि हस्तान्तरण गर्न समावेश गराउनु पर्ने छ।

५. पानी सुद्धिकरण गर्ने अभियानको सर्वे गर्न लिब्रा टेक्नोलोजी नेटवर्क लि.ले २ महिना भित्र प्राबिधिक पठाई सक्नु पर्ने छ।

६. माथि उल्लेखित काम गर्दा लाग्ने आवश्यक खर्च लिब्रा टेक्नोलोजी नेटवर्क लि. स्वयमले बेहोर्नु पर्ने छ ।

७. लिब्रा टेक्नोलोजी नेटवर्क लि. को नेपाल प्रतिनिधि भैरब प्रसाद पान्डे रहने छन् ।

८. संझौता बमोजिम काम गर्ने सिलसिलामा कुनै व्यबधान आएमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले समस्या समाधानका लागि समन्वय गर्ने छ ।

९. यो सहमतिमा हस्ताक्षर भए पछि तुरुन्त लागुहुने छ ।

सम्झौता माननीय मन्त्री ज्यूको कार्यकक्षमा सामाजिक विकास मन्त्रालयका सचिव हरिप्रसाद दाहाल र लिब्रा टेकनोलोजीका प्रबन्ध निर्देशक ईब्राहिम (एव) साद विच हस्ताक्षर गरी सम्पन्न गरिएको छ।

प्रवक्ता
गोपी प्रसाद घिमिरे
सामाजिक विकास मन्त्रालय
०७५/०९/२६.